मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मकान्चुली, मकवानपुर
Makrancholi, Makawanpur

email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9845461080 (Chairperson)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Ref. No.) : २०८२/०८३ (योजना तथा अनुगमन इकाई)
चलानी नं. (Dispatch no.) 9359

मिति : २०८२/१२/१५
ने.सं. ११४६ चौलाथ्व १ आइतवार

श्री सरोकारवाला सबै,

यस गाउँपालिकाको आ.व. २०८२/०८३ को आय ठेक्का ठेक्का नं. 02/Aaya/MGRM-2082/083, **सामरी खोला र कार्की खोलाको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, स्लेट आदि उत्खनन् तथा बिक्रि कर संकलन (खानी क्षेत्र बाहेक)** को बोलपत्र आह्वानका लागि मिति २०८२/०८/०९ गते प्रथम पटक प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता भई प्राप्त बोलपत्रहरु उपर मूल्याङ्कन गर्दा सो कार्यका लागि **M/S Vision Construction, Hetauda-11, Makawanpur** बाट पेश भएको बोलपत्र स्वीकृत भई यस कार्यालय र निज निर्माण कम्पनीसँग मिति २०८२/१०/१४ मा भएको सम्झौताबमोजिम तपसिलमा उल्लिखित स्थानहरूमा घाटगद्दी निर्धारण गरी उत्खनन् तथा घाटगद्दी गर्ने कार्य हाल सञ्चालनमा रहेको छ। यस कार्यको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उत्खनन् स्थल तथा घाटगद्दी स्थलहरूमा यस कार्यालयबाट नगर प्रहरी/अनुगमनकर्ता खटाइएको छ भने यस कार्यालय तथा जिल्लास्थित सम्बन्धित निकायहरूबाट समेत नियमित रूपमा अनुगमन भइरहेको व्यहोरा समेत अवगत गराइन्छ।

यस सन्दर्भमा, तोकिएको प्रक्रिया विपरीत कुनै पनि अवैधानिक क्रियाकलाप (जस्तै सिधै खोलाबाट उत्खनन् गरी क्रसर उद्योगमा ढुवानी गर्ने वा अन्य कुनै गैरकानुनी कार्य) भएको पाइएमा सोको यथार्थ विवरण फोटो तथा भिडियोसहित यथाशीघ्र यस कार्यालयमा जानकारी गराइदिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**तपसिल:**

| क्र.सं. | घाटगद्दी गर्न तोकिएको स्थान |
|---|---|
| १. | साईबाबा क्रसर उद्योग मकवानपुरगढी-५ को आसपास |
| २. | आधुनिक बालुवा प्रोडक्ट डिपो उद्योग मकवानपुरगढी-५ आसपास |
| ३. | सामरी खोला बालुवा उद्योग मकवानपुरगढी-६ आसपास |

(ई. सुधन लामिछाने)
प्रमुख प्रशासकीय अधिकृत

ई. सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री जिल्ला प्रशासन कार्यालय
हेटौंडा, मकवानपुर ।
श्री इलाका प्रहरी कार्यालय मकवानपुरगढी
मकवानपुरगढी-३, मक्राञ्चुली। (सम्बन्धित स्थानमा निरन्तर प्रहरीहरु खटाईदिनु)



Scanned with CamScanner